नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, मोरङ्ग

मोरङ्ग, विराटनगर


प्र.जि.अ.नि. : ५२५२५१
स.प्र.जि.अ.नि. : ५२७२१५
कार्यालय : ५३०३८६
५३०३७२
५२१३५१
५२४२२४


पत्र संख्या : २०७६/०७७ प्रदेश नं. १ (नेपाल)

चलानी नं. : 666 मिति : २०७७/०५/२९

---

श्री स्थानीय तह (सबै),
मोरङ ।

श्री जिल्लास्थित सरकारी कार्यालयहरु (सबै),
मोरङ ।

विषय : संविधान दिवस मनाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा २०७७ सालको संविधान दिवस देहाय बमोजिम मनाउन संविधान दिवस मूल समारोह समितिको निर्णय श्री गृह मन्त्रालयको च.नं. ७१ मिति २०७७/०५/२५ को पत्रबाट लेखि आएकोले संविधान दिवस निम्न बमोजिम मनाउन अनुरोध छ ।

देहायः

१. प्रदेश तथा स्थानीय तहका सम्पूर्ण सरकारी निकाय/प्रतिष्ठान, संघ/संस्था, कार्यालयमा राष्ट्रिय झण्डा फहराउने तथा आम सर्वसाधारणले असोज २, ३ र ४ गते घर-घरमा साँझमा दीप प्रज्ज्वलन गर्ने ।

२. स्थानीय सञ्चार माध्यम तथा पत्रपत्रिकाबाट संविधानसँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रकाशन-प्रसारण गर्न लागउने ।

३. विभिन्न मन्दिर, बुद्ध विहार, मस्जीद, चर्च एवं गुरुद्वार लगायतका धार्मिक स्थानहरुमा नित्य पूजा गर्दा राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता र संविधानका लागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहीदहरुको आत्माको चीरशान्तिका लागि राष्ट्रको तर्फबाट उच्च सम्मान र श्रद्धाञ्जली प्रकट गर्दै पूजापाठ तथा प्रार्थना गर्ने ।

..............................
ध्रुव बहादुर खड्का
(स. प्रमुख जिल्ला अधिकारी)

ध्रुव बहादुर खड्का
सहायक प्रमुख जिल्ला अधिकारी